# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission**
**केन्द्रिय कार्यालय, Central Office**
**हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal**

राष्ट्रिय मानव अधिकार आयोग नेपाल

**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ चैत २३ गते

## समाचारप्रति आयोगको ध्यानाकर्षण

२०७१ चैत २३ गते अन्नपूर्ण राष्ट्रिय दैनिकमा 'शान्तिप्रक्रियामा आएपछि हड्ताल गर्न पाइँदैन' शीर्षकको समाचारप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ। आयोग सो समाचारप्रति आपत्ति प्रकट गर्दछ। एमाओवादीसहितको ३० दलीय मोर्चाद्वारा आयोजना हुने भनिएको आमहड्तालसम्बन्धी कार्यक्रमको सम्बन्धमा आयोगले कुनै औपचारिक निर्णय गरेको छैन।

प्रकाशित समाचार यथार्थ हो भने सो समाचार आयोगका सदस्य सुदीप पाठकको नितान्त व्यक्तिगत धारणा भएको व्यवहोरा आयोग स्पष्ट पार्न चाहन्छ। कुनै पनि राजनीतिक दल, सङ्घसंस्था वा विरोधकर्ताले आफ्ना विरोधका कार्यक्रम सञ्चालन गर्दा प्रजातान्त्रिक विधि, पद्धति एवम् शान्तिपूर्ण तरीका अवलम्बन गर्न आयोग सम्बद्ध पक्षको ध्यानाकर्षण गराउँदछ। आफ्नो अधिकार प्रयोग गर्दा अरूको अधिकारको सम्मान गर्न साथै आफ्नो कर्तव्य पालन गर्न पनि आयोग सम्बद्ध पक्षलाई स्मरण गराउँदछ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता